प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

आज मिति २०७७ साल माघ महिनाको २० गते मंगलवार, विहान ११:०० बजे सुदूरपश्चिम प्रदेश सरकारका प्रमुख सचिव रामकृष्ण सुवेदीज्यूको अध्यक्षतामा प्रदेश मन्त्रालयका सचिवहरुको वैठक बसी विविध विषयहरुमा छलफल तथा निर्णय गरियो ।

## उपस्थिति

१. प्रमुख सचिव, श्री रामकृष्ण सुवेदी - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२. प्रदेश सचिव, डा. कमल प्रसाद पोखेल - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
३. प्रदेश सचिव, किशोर कुमार चौधरी - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
४. प्रदेश सचिव, श्री यज्ञनाथ दाहाल - उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
५. प्रदेश सचिव, श्री रघुराम विष्ट - सामाजिक विकास र आर्थिक मा.तथा यो. मन्त्रालय
५. प्रदेश सचिव, श्री चुडामणि पौडेल - आन्तरिक मामिला तथा कानून मन्त्रालय
६. प्रदेश सचिव, श्री गणेश प्रसाद भट्ट - भौतिक पूर्वाधार विकास मन्त्रालय
७. प्रदेश सचिव, डा. किशनलाल भट्ट - भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## निर्णयहरु-

१. नेपाल सरकारबाट जारी भएको सहलगानी सम्बन्धी कार्यविधि, २०७७ का सम्बन्धमा छलफल भई कार्यविधिको प्रावधानहरुमा रही यस प्रदेशबाट सहलगानीमा कार्यान्वयन गरिनुपर्ने आयोजनाहरुको विवरण समयसीमा भित्रै पेश गर्ने गरी तयार पार्ने कार्य सम्बन्धित मन्त्रालयहरुले अगाडि बढाउने।
२. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) द्वारा तयार पारिएको यस प्रदेशको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) को अन्तिम प्रतिवेदन यस कार्यालयमा प्राप्त भईसकेको सन्दर्भमा अध्ययन र पृष्ठपोषण दिने कार्यका लागि प्रतिवेदनको मस्यौदा सबै सचिवलाई पठाउने ।
३. चालु आ.व. २०७७/०७८ को पुँजीगत खर्च बढाई तोकिएका लक्ष्य/प्रगति हासिल गर्न मन्त्रालयहरुले योजनावद्ध रुपमा कार्यसम्पादन गर्ने ।
४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश मन्त्रालयहरुसँग समन्वय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयको च.नं. प्रा.स/४२१/११०, मिति २०७७/४/५ गतेको प्रदेश नतिजा सूचकहरुको प्रगति सम्बन्धी विषयक पत्रद्वारा माग गरिएको विवरणहरु नियमित रुपमा पठाउने व्यवस्था गर्ने ।

२०७७/१०/२०

प्रमुख सचिव